नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०८१/०८२

चलानी नं. : ९३१

नेपाल सम्वतः ११४४

मितिः- २०८१/१०/०८

**विषय : सहभागिता सम्वन्धमा।**

**श्री प्रमुख प्रशासकीय अधिकृत,**

मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा र महोत्तरी जिल्लाका सवै (६८ वटा) स्थानीय तह।

मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा, असल अभ्यास सम्बन्धमा अनुभव तथा सिकाइको आदान-प्रदान सम्वन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा यसैसाथ संलग्न प्रस्तुतीकरणको ढाँचामा विवरण तयार गरी प्रस्तुतीकरण सहित सहभागी हुनुहुन अनुरोध छ।

मितिः २०८१।१०।१३ देखि १५ गतेसम्म।<br>
आइपुगु पर्ने समयः २०८१।१०।१३ गते अपरान्ह ४ वजेसम्म।<br>
स्थानः गौतम होटल, बर्दीबास, महेत्तरी।

(रुद्र सिंह तामाङ)<br>
**सहसचिव**

**नोटः**

- कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत (वा मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको अधिकृत) स्वयं कार्यक्रम अवधिभर अनिवार्य उपस्थित हुनुपर्नेछ।
- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था मन्त्रालयको तर्फबाट हुनेछ। कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ। दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च मन्त्रालयबाट उपलब्ध गराईने छैन।
- यस मन्त्रालयको च.नं. ६२ मिति २०८१/०७/०७ को पत्रबाट अनुरोध गरिए वमोजिमको अनलाइन Google Form (http://bit.ly/progressrev) मा प्रगति प्रविष्टि भएको सुनिश्चित गरी सो को आधारमा संलग्न ढाँचाको प्रस्तुतिकरण सहित उपस्थित हुनुपर्नेछ। प्रति स्थानीय तह प्रस्तुतीकरणको लागि १० मिनेट समय उपलब्ध गराईने छ।
- कार्यक्रमको उद्धाटन सत्र, मन्त्रालयको प्रस्तुतीकरण र समापन सत्र सामुहिक रुपमा हुनेछ। स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्वन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा तिनीहरुलाई आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ।
- जिल्ला अन्तर्गतको सवै स्थानीय तहको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीलाई Observation मन्तव्य/प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ।
- कार्यक्रम सम्वन्धी थप जानकारी आवश्यक भएमा ९८५१०३१६२७ वा ९८४३५५४८८८ मा सम्पर्क राख्न सकिनेछ।

**वोधार्थः-**

**श्री जिल्ला समन्वय अधिकारी,**

मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा र महोत्तरीः- आफ्नो जिल्ला भित्रका स्थानीय तहको सहभागिता र विवरण प्रविष्टीमा आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन।